# नेपाल सरकार, मन्त्रिपरिषद्का २०८२ भदौ १३ गतेका निर्णयहरू

| क.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८२ असोज १९ देखि २३ गतेसम्म दक्षिण अफ्रिकाको केप टाउनमा आयोजना हुने 25th FIGO World Congress of Gynecology and Obstetrics कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य प्रा. डा. राम पदारथ विच्छालाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| २ | अर्थ मन्त्रालय | आगामी २०८२ असोज ८ देखि ९ गतेसम्म जापानको टोकियोमा आयोजना हुने The Fourteenth High-Level Tax Conference for Asian and Pacific Countries विषयक Conference मा सहभागिताका लागि अर्थ मन्त्रालयका सचिव (राजस्व) श्री दिनेश कुमार घिमिरेलाई स्वीकृति प्रदान गर्ने। |
| ३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | २०८२ साल भदौ २२ देखि २८ गतेसम्म मलेसियाको क्वालालम्पुरमा आयोजना हुने ICID's Mega Event, 4th World Irrigation Forum तथा 76th International Executive Council (IEC) को बैठकमा ऊर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव (जलस्रोत तथा सिंचाइ) श्री सरिता दवाडीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| ४ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | विशेष अदालतको अध्यक्ष पदमा उच्च अदालत जनकपुरका माननीय न्यायाधीश श्री सुदर्शनदेव भट्ट तथा सदस्य पदमा उच्च अदालत पाटन, हेटौंडा इजलासका माननीय न्यायाधीश श्री नारायणप्रसाद पौडेल; उच्च अदालत सुर्खेतका माननीय न्यायाधीश श्री हेमन्त रावल; उच्च अदालत सुर्खेत, जुम्ला इजलासका माननीय न्यायाधीश श्री डिल्लीरत्न श्रेष्ठ र उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगञ्जका माननीय न्यायाधीश श्री उमेश कोइरालालाई तोक्ने। |
| ५ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | राजस्व न्यायाधिकरण नेपालगञ्जको कानून सदस्य तथा अध्यक्ष पदमा उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासका माननीय न्यायाधीश श्री मुनेन्द्रप्रसाद अवस्थीलाई तोक्ने। |
| ६ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको लागि आ.व. २०८२/८३ का लागि अधिकृतस्तरका ५८ अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ७ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | श्रम अदालतको सदस्य पदमा अधिवक्ता श्री कुमारी खरेल, झापालाई नियुक्त गर्ने। |

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| ८ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २०८२ भदौ २३ देखि २५ गतेसम्म भारतमा आयोजना हुने Dialogue Next कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. गोविन्द प्रसाद शर्मालाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| ९ | गृह मन्त्रालय | नेपालमा सञ्चालन हुने गैर नाफामुलक संघ संस्था (NPO) हरूको एकिकृत विवरण राख्ने प्रयोजनका लागि गृह मन्त्रालयले तयार गर्ने NPO Public Portal सफ्टवेयर सञ्चालनका लागि आवश्यक रहेको विवरण प्राप्त गर्न उक्त Portal लाई राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँग Application Programming Interface (API) मार्फत आबद्धता प्रदान गर्न स्वीकृति प्रदान गर्ने। |
| १० | परराष्ट्र मन्त्रालय | चीनको तियन्जिन शहरमा हुने साङ्घाई सहयोग संगठन (Shanghai Cooperation Organization-SCO) को २५औं शिखर सम्मेलन तथा चीनको बेइजिङ शहरमा हुने 80th Commemoration of the Victory of the Chinese People's War of Resistance Against Japanese Aggression and the World Anti-Fascist War विषयक कार्यक्रममा सहभागी हुन सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीको नेतृत्वमा २०८२ भदौ १४ देखि १८ गतेसम्म चीनको औपचारिक भ्रमणमा सहभागी हुने नेपाली प्रतिनिधिमण्डल गठन गर्ने र उक्त भ्रमण स्वीकृत गर्ने। |
| ११ | परराष्ट्र मन्त्रालय | Women Political Leaders (WPO) ले नेपाललाई प्रदान गर्ने WPL Country Award 2025 प्राप्त गर्ने र मोन्टिनिग्रोमा आयोजना हुने उक्त अवार्ड वितरण कार्यक्रममा २०८२ असोज १२ देखि १४ गतेसम्म सहभागी हुन माननीय परराष्ट्र मन्त्रीलाई स्वीकृति प्रदान गर्ने। |
| १२ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गत सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्न आर्थिक वर्ष २०८२/८३ का लागि ८७ अधिकृतस्तरका पदहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| १३ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | विर्ता उन्मूलन (नवौं संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने। |
| १४ | युवा तथा खेलकुद मन्त्रालय | आर्थिक वर्ष २०८२/८३ का लागि युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत राष्ट्रिय युवा परिषद्, फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण विकास समिति र राष्ट्रिय एन्टीडोपिङ एजेन्सीमा जम्मा २१ अधिकृतस्तरका अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| १५ | रक्षा मन्त्रालय | मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको गोन्जाउ र सांघाईमा मिति २०८२ भदौ २७ देखि मिति २०८२ असोज ४ गतेसम्म सैनिक एकाइहरूको |

| | | |
|---|---|---|
| | | भ्रमण तथा बेइजिङमा सञ्चालन हुने 12th Beijing Xiangshan Forum मा सहभागी हुने प्रधान सेनापति महारथी श्री अशोक राज सिग्देललाई स्वीकृति प्रदान गर्ने। |
| १६ | वन तथा वातावरण मन्त्रालय | ललितपुरमा रहेको श्री नवदुर्गा भवानी देवीको १२ वर्षे जात्रा र छाप्रो निर्माणको लागि १२३५.७४ क्यूफिट काठ नवदुर्गा भवानीदेवी गुठीलाई उपलब्ध गराउने प्रयोजनार्थ उक्त काठको राजश्व रोयल्टी रकम रु.१०,१९,४६९/- मिनाहा गर्ने। |
| १७ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २०८२ कात्तिक ११ देखि १३ गतेसम्म लण्डनमा आयोजना हुने Global Higher Education सम्बन्धी Resilience, Values, Innovation: Surviving and Thriving in a Volatile World विषयक सम्मेलनमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव (शिक्षा) श्री चूडामणि पौडेललाई भाग लिन स्वीकृति दिने। |
| १८ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | पुरातत्व विभागमार्फत सञ्चालित भूकम्प पछिको पुन:निर्माण कार्यक्रमको आ.व. २०८२/८३ का लागि अधिकृतस्तरका १० अस्थायी दरबन्दीहरू स्वीकृत गर्ने। |
| १९ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | राष्ट्रिय समाचार समिति, नेपाल र सिन्हा न्युज एजेन्सी, चीनबिच हुने AGREEEMENT ON NEWS EXCHANGE AND COOPERATION BETWEEN XINHUA NEWS AGENCY OF THE PEOPLE'S REPUBLIC OF CHINA AND RASTRIYA SAMACHAR SAMITI (RSS) OF NEPAL समझदारीपत्र स्वीकृत गर्ने। |
| २० | COSCAP (Cooperative Development of Operational Safety and Continuing Airworthiness Program) South Asia Project को छैठौं चरणको कार्यक्रम स्वीकृत गर्ने। | |
| २१ | नेपाल सरकार र साउदी अरेविया सरकारबिच Agreement on General Workers Recruitment between the Government of Nepal and the Government of the Kingdom of Saudi Arabia विषयक श्रम सम्झौता गर्ने। | |
| २२ | शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज एवं मध्यवर्ती क्षेत्रको सिमाना हेरफेर र छाँयानाथ राष्ट्रिय निकुञ्ज एवं मध्यवर्ती क्षेत्र घोषणा गर्ने। | |
| २३ | तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीति (२०८२-२०८७) स्वीकृत गर्ने। | |
| २४ | राष्ट्रिय खेलकुद विकास (दोस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने। | |